नतिजामुखी प्रशासन: समृद्धि र सुशासन

# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

**प्राबिधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना** मिति :-२०७७/४/२१

(प्रथम पटक प्रकाशित मिति -२०७७-०४-२२)

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम)प्र.स. २०७७/०७८ च.न.२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्ति गर्नका लागि निम्न बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ।

| क.स. | बिज्ञापन न. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७/०७८ | प्राबिधिक सहायक | स्थानीय सेवाको पाचौ तह सरह | १ |

१. आवस्यक न्युनतम योग्यता र अनुभव :-

क) सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

ख) अनुभव र सिप :- प्राबिधिक सहायक पदको लागि देहायका अनुभव र सिप आबश्यक पर्ने छ

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सिप भएको
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान,सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर :- कम्तिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२.दरखास्त दिने स्थान :- भीरकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बयरघारी, स्याङ्जा

३.दरखास्त दिने अन्तिम मिति : २०७७/०५/०४ गते (उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट) सम्म

४.आवेदन दस्तुर :रु.५००

५.छनौट किसिम : प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परिक्षा

६.आवेदन साथ संलग्न गर्नु पर्ने कागजात : आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु

- नागरिता
- न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साईजको फोटो

७.सेवा सुबिधाः-नगरपालिकामा प्राबिधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११),(१२),र (१३) बमोजिम हुने छ ।

८. पदले सम्पादित गर्नु पर्ने कार्यविवरण :-नगरपालिकामा प्राबिधिक सहायक सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुने छ।

नोट : आवेदनको ढाचा र प्राबिधिक सहायक पदको कार्यविवरण समेतका अन्य जानकारीको लागि भीरकोट नगरपालिकाको website:- www.bheerkotmun.gov.np मा हेर्नु हुन वा नगरपालिका कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

.........................................

जब्बर अलि मियाँ

नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत